**आकाशवाणी समाचार**

**22nd of April 2026 (Wednesday)**

**मुख्य समाचार**

- **उपराष्ट्रपति** C. P. Radhakrishnan**द्वारा समानता र महिला सशक्तीकरणमा दिनुभयो जोड।।**
- **सिविल सेवकलाई जीवनभर सिकाइमा जोड दिन प्रधानमन्त्रीको आग्रह।।**
- **रक्षा मन्त्री** Rajnath Singh **ले भारत–जर्मनी सम्बन्ध सुदृढ बन्दै गएको बताउनु भयो ।।**
- **विश्व पृथ्वी दिवसमा वातावरणमैत्री जीवनशैली अपनाउन मन्त्री भूपेन्द्र यादवको आग्रह।।**
- **विदेश मन्त्री** S. Jaishankar**द्वारा इजरायलको स्वतन्त्रता दिवसमा शुभकामना ।।**

**उपराष्ट्रपति C. P. Radhakrishnan**

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले सन्त बसवेश्वरको समानता, करुणा र समाज सेवाको शिक्षालाई अपनाउन आग्रह गर्नुभएको छ। उहाँ कर्नाटकको बिदरमा आयोजित कार्यक्रममा बोल्दै यस्तो बताउनुभएको हो। उहाँले विकाससँगै परम्परालाई अगाडि बढाउनुपर्नेमा जोड दिँदै आधुनिक बन्ने क्रममा आफ्ना मूल्य र संस्कार जोगाउनुपर्ने बताउनुभयो। उहाँले महिला सशक्तीकरणको महत्वबारे पनि उल्लेख गर्दै महिलाले समाज सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। साथै, उहाँले कांग्रेस नेता मल्लिकार्जुन खड्गेसँग केही विषयमा फरक मत रहेको संकेत गर्नुभयो।

**प्रधानमन्त्री Narendra Modi**

प्रधानमन्त्री Narendra Modiले सिविल सेवकहरूलाई विकसित भारत निर्माणको लक्ष्यसँग आफ्ना प्रयास जोड्न आग्रह गर्नुभएको छ। सिविल सेवकहरूलाई पठाइएको पत्रमा उहाँले निरन्तर सिकाइ र क्षमता विकासप्रति उनीहरूको प्रतिबद्धताको प्रशंसा गर्नुभएको छ। उहाँले हालै सम्पन्न 'कर्मयोगी साधना सप्ताह'ले देशभरका सिविल सेवकलाई एकै मञ्चमा ल्याएर सिकाइको संस्कृतिलाई बलियो बनाएको उल्लेख गर्नुभयो। बदलिँदो विश्वमा नयाँ प्रविधि र चुनौतीसँग अघि बढ्न सधैं अपडेट रहनु आवश्यक रहेको उहाँको भनाइ छ। प्रधानमन्त्रीले iGOT अर्थात् Integrated Government Online Training Platform जस्ता माध्यम प्रयोग गरी जीवनभर सिकाइलाई निरन्तरता दिन सिविल सेवकहरूलाई आग्रह गर्नुभएको छ।

**मन्त्री Rajnath Singh**

रक्षा मन्त्री Rajnath Singhले जर्मनीको बर्लिनमा भारतीय समुदायलाई सम्बोधन गर्दै भारत र जर्मनीबीचको सम्बन्ध समयसँगै अझ सुदृढ भएको बताउनुभएको छ। उहाँले दुवै देशबीच राजनीतिक, रणनीतिक तथा सांस्कृतिक सहकार्य रहेको र कूटनीतिक सम्बन्धको 75 वर्ष पूरा भएको उल्लेख गर्नुभयो। उहाँले जर्मनी भारतको युरोपमा सबैभन्दा ठूलो व्यापार साझेदार रहेको र भारतमा दुई हजारभन्दा बढी जर्मन कम्पनी सक्रिय रहेको बताउनुभयो। साथै, भारतको अर्थतन्त्र करिब 7 प्रतिशतको दरले अगाडि बढिरहेको र स्टार्टअप तथा कृत्रिम बुद्धिमत्ता क्षेत्रमा विश्वकै अग्रणीमध्ये रहेको पनि उल्लेख गर्नुभयो।

**मन्त्री भूपेन्द्र यादव**

पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले विश्व पृथ्वी दिवसको अवसरमा नागरिकहरूलाई वातावरणमैत्री जीवनशैली अपनाउन आग्रह गर्नुभएको छ। उहाँले व्यक्तिगत व्यवहारले पृथ्वीको भविष्यमा महत्वपूर्ण असर पार्ने भन्दै सचेत बानी अपनाउन, प्रकृतिको सम्मान गर्न र LIFE अर्थात् 'पर्यावरणका लागि जीवनशैली' अनुसार जीवनयापन गर्न अपिल गर्नुभएको छ।

**मन्त्री S. Jaishankar**

विदेश मन्त्री Dr. S. Jaishankarले इजरायलको 78 औँ स्वतन्त्रता दिवसका अवसरमा त्यहाँका जनतालाई तथा आफ्ना समकक्षी Gideon Sa'arलाई शुभकामना व्यक्त गर्नुभएको छ। सामाजिक सञ्जालमार्फत उहाँले भारत र इजरायलबीचको विशेष रणनीतिक साझेदारीलाई उच्च महत्व दिइने बताउनुभएको छ।

**एलपीजी**

सरकारले देशभर तेल र ग्यासको आपूर्ति बिना रोकावट भइरहेको जनाएको छ। पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी संयुक्त सचिव सुजाता शर्माका अनुसार एलपीजी, पीएनजी, पेट्रोल र डिजेलको आपूर्ति सामान्य छ। हिजो 45 लाखभन्दा बढी एलपीजी बुकिङ भएका र करिब 51 लाख सिलिन्डर वितरण गरिएको जनाइएको छ। यसैगरी, डी.पी.आई आई.टीकी संयुक्त सचिव निधि केसरवानीले इन्धन आपूर्ति सुनिश्चित गर्न विभिन्न कदम चालिएको बताउनुभएको छ। ग्यास वितरण केन्द्रका लागि अनुमतिपत्र प्रक्रिया तीव्र बनाइएको र बायोग्यास सम्बन्धी परियोजनालाई पनि स्वीकृति दिइएको जनाइएको छ।

**बंगालका राज्यपाल R. N. Ravi**

पश्चिम बंगालका राज्यपाल R. N. Raviले आगामी विधानसभा निर्वाचनलाई स्वतन्त्र र भयमुक्त बनाउन 24सै घण्टा सञ्चालन हुने नागरिक हेल्पलाइन सुरु गर्ने घोषणा गर्नुभएको छ। चुनावअघि र पछि हुन सक्ने हिंसाबारे चिन्ता बढेपछि यस्तो निर्णय गरिएको हो। लोक भवनका अनुसार यस पहलले नागरिकलाई बिना डर मतदान प्रक्रियामा सहभागी हुन सहयोग गर्नेछ।

**अटल पेन्सन योजना**

अटल पेन्सन योजनामा हालसम्म 9 करोडभन्दा बढी सदस्य सहभागी भएका छन्। अर्थ मन्त्रालयका अनुसार गत आर्थिक वर्षमा मात्रै 1 करोड 35 लाखभन्दा बढी नयाँ सदस्य थपिएका छन्, जुन अहिलेसम्मकै उच्च हो। सन् 2015 मा सुरु गरिएको यो योजना विशेषगरी गरिब, वञ्चित र असंगठित क्षेत्रका कामदारलाई लक्षित इच्छाअनुसार सहभागी हुने पेन्सन योजना हो।

**पहलगाम आक्रमणको पहिलो वर्षगाँठ**

पहलगाममा भएको आतंकवादी आक्रमणको पहिलो वर्षगाँठका अवसरमा विभिन्न देशका कूटनीतिक नियोग र प्रतिनिधिहरूले पीडितहरूलाई सम्झँदै भारतप्रति साथ व्यक्त गरेका छन्। उक्त आक्रमणमा 26 निर्दोष पर्यटकको ज्यान गएको थियो। अष्ट्रेलिया, बेलायत, फ्रान्स र इजरायलले आतंकवादको कडा निन्दा गर्दै आतंकवादविरुद्धको लडाइँमा भारतसँग साथ रहने बताएका छन्। साथै, पीडित परिवारप्रति समवेदना व्यक्त गर्दै शान्ति र सुरक्षामा जोड दिएका छन्।

**महालक्ष्मी जात्रा**

नेपालको काभ्रेपलाञ्चोक बनेपामा परम्परागत रूपमा मनाइने महालक्ष्मी जात्रा हजारौँ भक्तजनको सहभागितामा श्रद्धा र उत्साहका साथ मनाइएको छ। समृद्धि र कल्याणको कामना गर्दै मनाइने यो जात्रा आज सम्पन्न हुँदैछ। तीन दिनसम्म चल्ने जात्रामा उग्रचण्डी मन्दिरमा बनाइएका रथमा महालक्ष्मी, शिव र गणेशका मूर्तिहरू राखी नगर परिक्रमा गरिन्छ। भक्तजनहरूले रथ तानेर आशीर्वाद लिन्छन् भने युवाहरूले पञ्चे बाजा बजाउँदै सिन्दूर खेलेर उत्सवलाई रंगीन बनाउँछन्। यो जात्राले परम्परा, संस्कृति र सामुदायिक एकतालाई झल्काउने गरेको छ।

**इन्डियन प्रिमियर लिग**

आईपीएल क्रिकेटमा अहिले लखनऊको भारत रत्न श्री अटल बिहारी वाजपेयी एकाना क्रिकेट स्टेडियममा हुँदैछ Lucknow Super Giants र Rajasthan Royalsको खेल शुरु भएको छ। हिजो, हैदराबादको राजीव गान्धी अन्तर्राष्ट्रिय स्टेडियममा Sunrisers Hyderabadले Delhi Capitalsलाई 47 रनले पराजित गर्‍यो।

**मुख्य समाचार फेरि एकपल्ट**

- **उपराष्ट्रपति** C. P. Radhakrishnan**द्वारा समानता र महिला सशक्तीकरणमा दिनुभयो जोड।।**
- **सिविल सेवकलाई जीवनभर सिकाइमा जोड दिन प्रधानमन्त्रीको आग्रह।।**
- **रक्षा मन्त्री** Rajnath Singh**द्वारा भारत–जर्मनी सम्बन्ध सुदृढ बन्दै गएको बताउनु भयो ।।**
- **विश्व पृथ्वी दिवसमा वातावरणमैत्री जीवनशैली अपनाउन मन्त्री भूपेन्द्र यादवको आग्रह।।**
- **विदेश मन्त्री** S. Jaishankar**द्वारा इजरायलको स्वतन्त्रता दिवसमा शुभकामना ।।**